"न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत

## बागलुङ

पत्र संख्याः- ०७७/७८
चलानी नः- २६६६

प्रशासन शाखा

गण्डकी प्रदेश
मितिः-२०७८/३।०८

## सेवा थपबारेको सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्टसहितको कोरोना भाईरस (Covid-19) को संक्रमणका कारण न्यायका उपभोक्ता तथा कार्यरत जनशक्तिसमेतको स्वास्थ्य सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ गते जारी प्रेस विज्ञप्ति एवं जिल्ला प्रशासन कार्यालय बागलुङले मिति २०७८।१।२१ गतेदेखि लागु हुने गरी पटकपटक गरी मिति २०७८।३।७ गतेसम्म निषेधाज्ञा जारी गरेको अवस्थामा यस अदालतबाट समेत पटकपटक सेवा संकुचन सम्वन्धी सूचना जारी भएकोमा जिल्ला प्रशासन कार्यालय, बागलुङबाट मिति २०७८।३।७ मा प्रकाशित सूचनानुसार मिति २०७८।३।१५ गतेसम्म निषेधाज्ञाको अवधि जारी राखेको अवस्थामा सम्मानित उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७८।३।३ को निर्णयानुसार सम्मानित अदालतमा केही सेवाहरु थप गरिएको परिप्रेक्ष्यलाई मध्यनजर राख्दै यस अदालतबाट स्थगन गरिएका सेवाहरु मध्ये नेपाल सरकारले तोकेको सुरक्षाका मापदण्डहरु अपनाइ तपसील बमोजिमका सेवाहरु मिति २०७८।३।०८ गतेबाट थप गरी सञ्चालन गरिने बेहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख नगुज्रने बेहोरासमेत अनुरोध छ।

(गंगाधर सापकोटा)
नि.स्रेस्तेदार

### थप गरि सञ्चालनमा रहेका सेवाहरु

१. नेपाल सरकार वादी भएका प्रत्यर्थी झिकाउने आदेश भई नसकेका पुनरावेदनपत्रहरु ।
२. वादी प्रतिवादीले तारेख छाडी थाम्ने थमाउने अवधि व्यतित भएका मुद्दाहरु ।
३. रिट निवेदन दर्ता, सुनुवाई ।
४. कानुन व्यवसायी उपस्थित हुन सक्ने थुनुवा भएका मुद्दाहरु ।
५. ३ दिन भित्रको कोरोना भाइरस (Covid-19) PCR Report Negative /. Antigen Test Report Negative भएका फरार अभियुक्तको बयान तथा थुनछेक कार्य ।
६. कसूर ठहर भई सजाय निर्धारणका लागि पेश गर्नुपर्ने मुद्दाहरु ।
७. यस अघि प्रकाशित सूचनामा तोकिए बमोजिमका कार्यहरु ।